# <u>मकवानपुरगढी गाउपालिका भु -उपयोग कार्यविधि २०७५ (संशोधित)</u>

**<u>प्रस्तावना</u>** :हाम्रो मुलुक कृषि प्रधान हो । ७५% भन्दा वढी जनता कृषि पेशामा संलग्नछन । मकवानपुर गढी गाउपालिकामा ९०% भन्दा वढी जनता कृषि पेशामा संलग्न छन । अवको हाम्रो कार्यदिशा शुसाशन सहितको आर्थिक समृद्धी हो । आर्थिक समृद्धी प्राप्तीकालागी कृषि पशुपालन पेसामासवैलाइ सहभागी गराइ व्यवसायिक गराउदैजाने निति लिइएको छ । तत्जन्य लधु उद्यम व्यवसायसंचालन गरी आयआर्जन गराउन जरुरी छ । अहिले युवा शक्तीलाइ यस तर्फ आकर्षित गरी विदेशी पलायन हुन वाट रोकी जग्गा वाझो राखी वजार पलायन हुने समस्या र वाहिर वस्ने व्यक्तीवाट जग्गाखरिद गरि लिइ उत्पादन शिल भुमीलाइ वाझो राखी निष्कृय वनाइ उत्पनन असहज परिस्थिती लाइ मध्य नजर गरी विकल्प सहित वाझो नराख्न जग्गालाइ उपयोग गर्न कृषि जन्य उत्पादनको आयतको प्रतिस्थापन गर्दै निर्यात गर्ने सरकारी नितिलाई कार्यावन्यन गर्न गराउन नेपालको संविधानको भाग ४ धारा ५१को खण्ड ङमा निर्दिष्ट राज्यका कृषि र भुमिसुधार सम्वन्धी निति धारा ५७ ४ र ५ राज्यशक्तीको वाडफाड धारा २१४ २ र ३ स्थानीय तहको कार्यकारीणि अधिकार धारा २२१ १ र २ स्थानीय तहको व्यवस्थापिका अधिकार धारा २२६ १ र२ कानुन वनाउनसक्ने संवैधानीक अधिकार प्रयोग गरि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि मकवानपुरगढी गाउपालिका गाउ कार्यापालिकाको मिति २०७५/८/६ गते वसेको वैठकको निर्णय अनुसार यो भु उपयोग कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** :(१) यसकार्यविधिको नाम "मकवानपुरगढी गाउ पालिका भु उपयोग कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, –

(क) "सरकारी जग्गा" भन्नाले सडक वाटो,रेल्वे ,सरकारी घर, भवन कार्यालय, वन, वुटेन ,जंगल, नदि ,नाला, खोला, उकास, ताल, पोखरी ,डिल ,नहर, कुलो, ऐलानी पर्ति भिर, पहरा ,डगर वगर सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "अभिलेख" भन्नाले दफा २२ बमोजिम तयार गरिएको अभिलेख सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "सार्वजनिक जग्गा" भन्नाले वाटो, कुवा, पानी, पधेरो, पानीघाट, इनार, पोखरी, डिल, खोल संरक्षणका लागी वनाइएको वाध, निकास, गौचरण, मसानघाट, चिहान ,पाटी ,पौवा, देवल,धार्मिक स्थल, स्मारक, मठ ,मन्दिर, चोक, डवली, ढल, चौतारो, हाट मेला लाग्ने ठाउ, मनोरञ्जन / खेलकुद गर्ने ठाउ सम्झनुपर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(छ) "वाझो जग्गा " भन्नाले गाउँपालिकाकोक्षेत्र भित्र कुनै व्यक्तीको नाममा नापी भइ सो व्यक्तीले कुनै खेती नगरी राखेको जग्गा सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका भन्ने सम्झनुपर्छ ।

(झ) "स्थानीय स्तर" भन्नाले मकवानपुरगढी गाउँपालिकाको भौगोलिक क्षेत्र सम्झनुपर्छ ।

ञ)"वडा कार्यालय" भन्नाले मकवानपुरगढी गाउपालिकाको प्रत्येक वडामा स्थापपना गरिएको वडा कार्यालयलाइ सम्झनु पर्छ ।

ट)"वडा अध्यक्ष" भन्नाले मकवानपुरगढी गाउँपालिका प्रत्येक वडामा निर्वाचित वडा अध्यक्ष सम्झनुपर्छ ।

ठ)"टोल विकास समिति" भन्नाले मकवानपुरगढी गाउँपालिकामा प्रत्येक वस्तीमा गठन भइ सम्वन्धी वडा कार्यालयमा दर्ता भएको टोल विकास समिति सम्झनुपर्छ ।

३. <u>**उद्देश्य**</u> :यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) यस गाउपालिकाको क्षेत्र भित्र रहेका सम्पुर्ण जग्गाहरुमा यस क्षेत्रको हावापानीमाटो उर्वरा गुणस्तर अनुसार खेती गराइ कृषि मार्फत गाउ वासीलाइ आत्मनिर्भर गराउने ।

(ख) हावापानी अनुसार पकेटक्षेत्र निर्धारण गरी  फलफुल खेतीमा गाउपाँलिकालाइ आत्मा निर्भरता गराउने ।

ग) युवाहरुलाई व्यवसायीक कृषि र पशुपालनमा अग्रसर गराइ गाउ वासीलाइ कृषि पेशा मार्फत उद्यमी वनाइ गाउँमानै रोजगार र स्वोरोजगार प्रवद्धधन गर्ने ।

घ) मकवानपुरगढी गाउपालिकामा वढदो वस्ती स्थान्तरणलाई रोकी गाउको सम्भावनाहरुलाई पहिचान गरी गाँउप्रति सवैलाई आकर्षित गराउन ।

ङ) मकवानपुरगढी गाउ पालिकालाई एग्रो टुरिजम भिलेजको रुपमा अगाडी वढाउन  निम्न क्षेत्रमा कार्य गर्न गराउन सवैलाई उत्प्रेरित गरिने छ वा जग्गाधनिले नियम कार्यहरु गर्ने गराउने वारेमा जग्गा निष्कृय मानिने छैन ।

**३. वाझो जग्गा उपयोग नितिको कार्यान्वय गर्नेः**

१. अनाज वा तरकारी खेतीलाई प्रोत्साहन गर्ने ।

२. फलफुल खेतीलाई प्रोत्साहन गर्ने ।

३. घाँस खेती तथा पशु पंक्षी पालनलाई प्रोत्साहन गर्ने ।

४. जडीवुटी खेतीलाई प्रोत्साहन गर्ने ।

५.काष्ठ प्रजातीका वनस्पती खेतीलाई प्रोत्साहन गर्ने ।

६. माछा पालन तथा मौरी पालनलाई प्रोत्साहन गर्ने ।

७. होटल होमस्टे तथा अन्य पर्यटकीय संरचना निर्माणमा सहयोग पुरयाउने ।

८. माटोको क्षयीकरण तथा उर्वारा शक्ती ह्रास हुन वाट वचाउने ।

९. शिक्षा सुचना सचेतना सामाजिक विकासका कार्यहरु गर्ने गराउने संस्थाहरुको स्थापना गर्ने ।

१०. अन्य कुनै पनि आयमुलक उद्योग वा उद्यमी गरने गराउने ।

**५. वाझो जग्गा राखेमा  कार्वाही सम्वन्धी व्यवस्था :**

(१) निर्धारीत मिति र समयम भित्र जग्गा उपयोगमा नल्याएमा जग्गाधनीले गाउपालिकालाइ तोके वमोजिम जरिवाना तिर्नु पर्ने छ ।

२. निर्धारीत मिति र समयम भित्र जग्गा उपयोगमा नल्याएमा सो जग्गालाइ गाउपालिकाले किनवेचमा रोक लगाउन सक्नेछ ।

३. सो वाझो जग्गा आवश्यक कामको लागी गाउपालिकाले प्रयोगमा ल्याउन सकिने वा भुमि वैकमा राखिने वा व्यवसायिक कृषि तथा पशुपालन गर्न इच्छुक कृषकलाई उत्पादनका लागी प्रयोग गर्न दिइनेछ ।

४. तोकिएको समयमा उल्लेखित विधिवाट जग्गा प्रयोगमा नल्याए सम्वन्धीत व्यक्तीको जग्गा सम्वन्धी कुनै पनि सिफारिसमा रोक लगाइनेछ ।

**६ .** अव्यवस्थित वसोवासलाई व्यवस्थीत गर्ने क्रममा १० वर्ष अगावै देखि आवदी गरिनिरन्तर उपयोग गर्दै आएको जग्गालाई मात्र नापी प्रकृयामा अगाडी वढाइनेछ ।

७. हाल आएर अतिक्रमण गर्न खोजेमा उक्त कार्यलाई रोकि नियमानुसार कार्यवाही गर्ने गराइने छ ।

**८. वाझो जग्गा उपयोगको लागी गाउपालिकावाट निम्न सेवा सुविधा उपलव्ध गराइने छ ।**

१. व्यवसाय संचालन गर्नको लागी सिप मुलक तालिम उपलव्ध गराइने छ ।

२. व्यवसायीक प्रकृतीका आधारमा अनुदान उपलव्ध गरिनेछ ।

३. उद्यमशीलता तर्फ अग्रसर गराइ व्यवसायिक रुपमा कार्य गर्न वित्तिय संघ संस्था मार्फत सहुलियत ऋणको व्यवस्था गर्न सहयोग गरिने छ ।

४. वाझो राख्नेहरुवाट उठेको जरिवाना रकमलाइ उत्पादनशिल उर्वरा वनाउने कृषकहरुको क्षमता विकास कृषि अनुदान तथा तालिमको लागि उपयोग गरिनेछ ।

५. विभिन्न विउ, विजन ,घास तथा फलपुलका विरुवाहरुमा अनुदान उपलव्ध गराइनेछ ।

६. श्रोत व्यवस्था भएको अवस्थामा खानेपानी सिचाईको व्यवस्था साझेदारी र समुह संस्थागत रुपमा उपलव्ध गराईनेछ ।

७. वाटो तथा अन्य आवश्यक पुर्वाधार निर्माणमा सहयोग पुरयाउने छ ।

८. व्यवसाय संचालनका लागी आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइने छ ।

## ८.क. पाँच वर्षदेखिको बाझो जग्गा उपयोग गरेमा अनुदान दिने सम्बन्धि व्यवस्था

गाउपलिकाको कुनै व्यक्तिले पाँच वर्षदेखिको वाझो भएको निजि एवं नम्बरी जग्गा उपयोग गरेमा तपसिल वमोजिम अनुदान दिइनेछ ।

१. वाँझो जग्गामा आपं, लिची, केरा, कटहर, सुन्तला,कागती तथा अन्य फलफुल खेति गरेमा प्रति रोपनि रु २०००।- का दरले अनुदान उपलव्ध गराइने छ ।
२. वाझो जग्गामा अन्नवाली, तरकारीवालि र नगदेवाली तथा मसलेदार खेति गरेमा प्रति रोपनी रु २५००।- का दरले अनुदान उपलव्ध गराइने छ ।
३. हाल लकडाउनका कारण गाउँपालिकाको तर्फवाट खाद्यान्न प्राप्त गरेका वा वाहिर वसी काम गर्ने विपन्न तथा मजदुर घरपरिवारले आफ्नो स्वामित्वमा रहेको वाँझो जमिन वा अरु कुनै व्यक्तीवाट वाँझो जग्गा भाडामा वा लिजमा लिइ अन्नबाली, तरकारीवालि, फलफुल तथा मसलेदार खेति गरेमा रु. ३०००।- का दरले अनुदान उपलव्ध गराइने छ ।
४. वाझो रहेको आफ्नो जग्गा वा लिजमा लिएको जग्गामा सुधारिएको गोठ वा खोर निर्माण गरी घास लगाइ व्यवसाहिक पशु पालन गरेमा प्रति रोपनि रु. ३०००।- का दरले अनुदान उपलव्ध गराईनेछ ।
५. वाझो रहेको जग्गामा ३० वटा वाख्रा , ५ वटा सम्म गाई वा भैसी र १० वटा वंगुर पाल्ने गरी खोर वा गोठ निर्माण गर्न स्टमेट र मुल्याङ्कनको आधारमा वढीमा १ लाख सम्म अनुदान उपलव्ध गराइने छ ।
६. माछा पालन गर्नका लागी प्रति रोपनि पोखरी निर्माण गरी प्रयोगमा ल्याएमा १५०००।- उपलव्ध गराईने छ ।
७. मौरी पालन गर्ने कृषकका लागि प्रति घार रु. ५ हजारका दरले उपलव्ध गराईने छ ।
८. व्यवसायीक जडीवुटी खेति गर्नका लागी प्रति रोपनि रु. ५ हजार सम्म उपलव्ध गराईनेछ ।

## ८. ख. बाँझो जमिन राखेमा भूमिकरमा बृद्दी गरिने

१. कसैले यस कार्यविधि बमोजीम खेतियोग्य जमिन बाँझो राखेमा त्यस्तो बाँझो राखेको जमिनको गाउंसभाबाट अनुमोदन हुने गरि भुमिकरमा बृद्दी गरिनेत्यस्तो बाँझो जग्गा स्वामित्वमा भएको , व्यक्तिलाई गाउपलिकाले प्रदान गर्ने अनुदानका कार्यक्रममा सहभागी नगराउने साथै गाउपलिकाले उपलब्ध गराउने सेवाबाट समेत वन्चित गर्न सकिनेछ ।
२. कसैले यस कार्यविधि बमोजीम अटेर गरि वाँझो राखेको जग्गालाई कुनै जग्गा नभएको मोहीले त्यस्तो जग्गा कमाउन चाहेमा गाँउपालिकाले त्यस्तो बाँझो जग्गा कमाउने प्रयोजनका लागि उपलब्ध गराउन सक्नेछ ।
३. कसैले आफ्नो स्वामित्वको जग्गा कमाउन नसकेमा त्यस्तो जग्गा गाउपालिकाको भुमि वैकमा जम्मा गर्नु पर्नेछ ।

## ८ ग. बाझो जग्गा उपयोगको लागि नियमन गरिने

वाझो जग्गा खेति गर्ने तथा उपयोग गरेवापत प्राप्त गर्ने अनुदान वितरणको लागी निम्न कार्य गरिनेछ ।

क. वाझो जग्गा खेति गर्ने तथा उपयोग गर्नको लागी अनुदान प्राप्तको लागी यथार्थ अवस्था भन्दा फरक अभिलेख तयार गरी अनुदान लिन खोजेमा वा लिएमा नियमानुसार नियमन गरिने छ ।
ख. सिफारिस गर्ने तह वा समितिले सो अवस्थाको पुर्ण अध्ययन गरेर मात्र सिफारिस गर्नु पर्ने छ । अन्यथा आफै जिम्वेवारी वन्नु पर्ने छ ।

ग. सामुहिक खेतिवा पशुपालन वा सामुहिक उद्यमलाई पनि प्रति रोपनिको आधारमा वा निर्मा भएको संरचनाका आधारमा अनुदान सहयोग उपलब्ध गराईनेछ ।

घ. यस भन्दा अघि पुर्ण रुपमा जग्गा वाझो राखी हाल वसोवास गर्ने वा खोर वा गोठ निर्माण गरी वाझो जग्गा उपयोग गर्न शुरु गरे पश्चात भुक्तानी गर्ने प्रकृया अगा८ वढाइने छ ।

ङ. अनुदान माग गर्दा सम्बन्धित व्यक्तिले पूर्ववत रुपमा आफु बसोबास गरेको जग्गाको आंशिक बाझो जग्गाको अनुदान दाबि गर्न सकिने छैन । आफु फर्किएर आए पश्चात वा पूर्ण रुपमा बाझो रहेको जगाको मात्र अनुदान माग दावी गर्न सकिनेछ ।

च. एक पटक अनुदान प्राप्त पश्चात निर्नतर जग्गा उपयोग गरी रहनु परपर्दछ । अन्यथा वाजो राख्र पाइने छैन ।

**८घ. बाझो जग्गा छनोट समितिको व्यबस्था**

वाझो जग्गा उपयोग गर्नेलाइ प्रदान गरिने अनुदान वितरण गर्ने व्यक्ती छनौट सिफारिस समिति

| | |
|---|---|
| क. सम्वन्धी वडाको अध्यक्ष | संयोजक |
| ख. सम्वन्धी वडाका वडा सदस्य वडा समितिले मनोनित २ जना सदस्य | सदस्य |
| ग . सम्वन्धीत टोल विकास समितिको अध्यक्ष वा प्रतिनिधि मध्य वडाले मनोनित गरेको २ जना | सदस्य |
| घ. वडा सचिव | सदस्य सचिव |

समितिको सिफारिसको आधारमा गाउ कार्यापालिकाले निर्णय गरि व्यक्ती छनौट गरिने छ ।

**८ ङ. अनुगमन तथा सुपरिबेक्षणको व्यबस्था**

वाझो जग्गा उपयोग सम्वन्धी समग्र कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न तपसिलको एक अनुगमन समिति गठन गरिने छ ।

| | |
|---|---|
| क. गाँउपालिका उपाध्यक्ष | संयोजक |
| ख.गाउपालिका अध्यक्षले मनोनित गरेको २ जान | सदस्य |
| ग. आर्थिक विकास समितिको संयोजक | सदस्य |
| घ. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ङ. योजना तथा अनुगमन इकाइको प्रमुख | सदस्य |
| च. कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

अनुगमन समितिले अनुगमन गरी मासिक रुपमा अनुगमन प्रतिवेदन गाउ कार्यापालिकाको वैठकमा पेश गर्नु पर्ने छ ।

९. **अभिलेख राख्रे**ः वाझो जग्गा सम्वन्धी अभिलेख टोल विकास समितिको सिफारिसमा वडा कार्यालय मार्फत संकलन गरिनेछ । तथ्याङ संकलन सम्वन्धी समय र विधि गाँउपालिकाले तोके वमोजिम हुनेछ ।

१०.**गुनासो दर्ता गर्न सक्रे**ः गाँउपालिकाले वनाएको यस कार्यविधि अनुसार कार्य गर्दा कसैलाइ हानी नोक्सानी परेमा गाँउपालिका समक्ष गुनासो राख्र सकिने छ ।

११.**प्रचलित कानुन वमोजिम हुनेछः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि अनुसार र अन्य विषयमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१२. **वचाउः** यस कार्यविधिको उद्देश्य तथा विषयवस्तु प्रचलित नेपाल कानुन वमोजिम यस अघि भएका कार्यहरु यसै कार्यविधि भएको मानिनेछ ।.

१३. **कार्यविधि हेरफेर गर्न सक्नेः** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि हेरफेर तथा थपघट गर्न सक्नेछ ।